| २०७७ बैशाख १ देखि असोज १७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २०८ | **४०२** | **१०१** | **४४२** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज १७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ८९ | **३६७** | **१००** | **३२०** |
| **२०७७ असोज १७ देखि १८ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | लेक लागेर(High Altitude Sickness ) | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | ० | ० | ० | १ | १ | **०** | **१** | **१** |

# दैनिक विपद् बुलेटिन

१७ असोज विहान १०:०० बजेदेखि १८ असोज विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज ३ स्थानमा **आगलागी**, १ स्थानमा **चट्याङ्ग**, १ स्थानमा **लेक लाग्ने**, १ स्थानमा **स्यालको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर १ जनाको **मृत्यु**, ३ जना **घाईते** भएका छन् । यी घटनाबाट **८ लाख ८६ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | ० | ६ | ३ | ८,८६,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ६ वटा घट्ना भएका छन् ।
- **संखुवासभा**को खाँदबारी नगरपालिका वडा नं १ ढोलबाजे टोलका वर्ष २३ का **१ जना मकालु बेशक्याम्प** घुम्न गएकोमा तादोसा भन्ने ठाउँमा **लेक लागि मृत्यु** भएको अवस्थामा शव फेला ।
- **मोरङ्ग**को रंगेली नगरपालिका वडा नं ३ आमतोलास्थित आफ्नै घरमा बसिरहेको अवस्थामा अचानक चट्याङ्गको झड्का लागि **१ जना घाईते** ।
- **काठमाडौं**को काठमाडौं महानगरपालिका वडा नं १० मध्य बानेश्वरमा छाप्रो बनाई बसेका एक व्यक्तिको कोठामा ग्याँस लिक भई **आगलागी** हुँदा **१ जना घाईते** ।
- **डडेलधुरा**को पर्सुराम नगरपालिका वडा नं १० कुर्मुलेमा भैसीलाई जंगली जनावर स्यालले टोकि घाईते बनाएको अवस्थामा स्याललाई लखट्ने क्रममा **स्यालले टोकी १ जना घाईते** ।
- **ओखलढुङ्गा**को चिसंखुगढी गाउँपालिका वडा नं ८ रिपास्थित एक घरमा बारुला पोल्न सल्काएको परालबाट **आगलागी** हुँदा घर, नगद, भाँडावर्तन, लत्ताकपडा, अन्नपात जली **८ लाख ६१ हजार रुपैंया** बराबरको क्षति

## घट्ना सारांश...

- **रौतहट**को यमुनामाई गाउँपालिका वडा नं २ भेडियाहीस्थित एक गोठघरमा लामखुटे धपाउन बालेको आगोबाट अचानक **आगलागी** हुँदा घर आंशिक रुपमा जली **२५ हजार रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चटयाङ्ग, आगलागी र स्यालले टोकेर घाईते भएकाहरुलाई नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीयको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

<u>असोज-१८ (आईतबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>


- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, पाँचथर, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, ओखलढुंगा, भोजपुर, खोटाङ, उदयपुर, महोत्तरी, धनुषा, कास्की, म्याग्दी, बागलुङ, नवलपरासी र आसपासका जिल्ला भई बहबे केही स-साना सहायक नदीमा बहाब केही बढ्ने तर सबैमा सतर्कता तलै हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइट:http://hydrology.gov.np/**

## वर्षाको सारांश

असोज १७ गते बिहान ०८:४५ बजे देखि असोज १८ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/१८ गते बिहान ०८:४५ बजे १८३ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४६ र स्वचालितः १३७) मा मापन गरिएको वर्षाको विवरण अनुसार ४२ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१०२.२ मि. मी.) बारा जिल्लाको सिमरा एयरपोर्ट केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, १ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ३ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र १४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हेर्नुहोस।**

## आगामी तीन दिनको मौसम पूर्वानुमान

**असोज १८ गते (आईतबार)**

**दिउँसो:** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १ का थोरै स्थान तथा प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती:** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १ र गण्डकी प्रदेशका थोरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा तथा प्रदेश २, बागमती प्रदेश र प्रदेश न ५ का एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**असोज १९ गते (सोमबार)**

**दिउँसो:** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १, प्रदेश २ र बागमती प्रदेशका थोरै स्थान तथा गण्डकी प्रदेशका एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती:** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**असोज २० गते (मंगलबार)**

**दिउँसो:** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १ का थोरै स्थानहरु तथा प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती:** प्रदेश १ मा सामान्य बदली र अन्य प्रदेशमा आंशिक बदली रही प्रदेश १ का एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind